जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- १६, २०८२ कात्तिक २७ गते विहीबार, 13 Nov 2025, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

आन्दोलनमा आगजनी गर्नेहरु



पाँचजना पक्राउ

○ सहीखबर संवाददाता

मकवानपुर । गत भदौ २४ गते भएको जेनजी आन्दोलनमा हेटौंडामा आपराधिक उप तथा आगजनी गर्ने ५ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ ।

व्यक्ति तथा सरकारी भवनमा आगजनी तथा तोडफोड गरेको कसुरमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

आन्दोलनको क्रममा हेटौडा उपमहानगरपालिका वडा नं. ११ नवलपुर बस्ने ४५ वर्षीय सुशिल पौडेलको घरमा आगजनी तथा तोडफोड गरेको आरोपमा हेटौंडा ११ का ३६ वर्षीय सुजन अधिकारी र ३५ वर्षीय सुरेन्द्र राना मगरलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

अधिकारी र मगरलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट आपराधिक उपद्र तथा लुटपाटको अपराध कसुर मा म्याद अनुमति लिई थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी आन्दोलनकै क्रममा मकवानपुर जिल्ला स्थित बागमती प्रदेश सभा सचिवालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयको भवनमा तोडफोड र आगजनी गरेको आरोपमा जिल्ला सलाही बरथवा नगरपालिका वडा नं. १ बस्ने २७ वर्षीय पुनम ठाकुर तथा २७ वर्षीय प्रमोद महतो र हेटौंडा ८ बस्ने ४३ वर्षीय सागर घताने भन्ने रोम बहादुर घतानेलाई पक्राउ गरिएको हो ।

उनीहरुमाथि आवश्यक कार बाहीका लागि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

नयाँ एजेण्डा चाहन्छ नयाँ मतदाताहरु

○ सहीखबर संवाददाता

मकवानपुर । अन्तरिम सर कारले आगामी फागुन २१ गते प्रतिनिधि सभा निर्वाचनको लागि मिति घोषणा गरेको छ । यसै चुनाव लक्षियत मतदाता नामावली संकलन तीव्र भइरहेको छ ।

मतदाता नामावलीको लागि प्रदेश निर्वाचन कार्यालय आउने नयाँ पुस्ताहरू पुराना एजेण्डा बोकेर आउने व्यक्ति तथा दलहरूलाई आफ्नो मत नहुने बताउँछन् । मतदाता नामावलीमा नाम दर्ता गर्ने ३ दिनमात्रै बाँकी रहदा भीड बढ्दो छ । “समय सकिना लाग्दा भीडभाड बढेको छ” प्रदेश निर्वाचन कार्यालय हेटौंडाका निर्वाचन अधिकृत हरिप्रसाद ढकालले बताए ।

असोज १० गतेदेखि हालसम्म झण्डै ४ हजारजना ले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गराइसकेका छन् । दैनिक करिब ३ सयको हाराहारीले नाम दर्ता भइरहेको छ ।

प्रदेश निर्वाचन कार्यालय हेटौंडाका अनुसार मतदाता नामावलीमा नाम दर्ता गराउनेमा ८० प्रतिशत युवायुवती छन् । निर्वाचन आयोगले कात्तिक ३० गतेसम्म मतदाता नामावलीमा नाम दर्ता गराउने समय तोकेको छ । निर्वाचन अधिकृत ढकालका अनुसार नयाँ दर्ताँसँगै पुराना विवरण सच्याउने, व्यक्तिगत विवरण अद्यावधिक गर्ने र स्थान परिवर्तनका कार्य पनि एकैसाथ भइरहेको छ ।

निर्वाचन कार्यालयले यसपालीबाट अनलाइन प्रणाली पनि सुरू गरेकोले मतदाता नामावली दर्ता प्रक्रिया थप सहज बनेको निर्वाचन अधिकृत ढकालले बताए । ‘नागरिकले घरमै बसेर अनलाइन फारम भरेर नाम दर्ता प्रक्रिया सुरू गरेर स्थानीय निर्वाचन कार्यालयमा पुगेर फोटो खिचाउने र बायोमेट्रिक गर्नुपर्ने हुन्छ,’ उनले भने ।

ढकालका अनुसार अब मतदाता नामावली दर्ता गर्न आफनै गृहजिल्ला पुग्नुपर्ने बाध्यता छैन । आफ्नो बसोबास क्षेत्रको नजिकको निर्वाचन कार्यालयमा पुगेर नाम दर्ता गराउन सक्ने व्यवस्था गरिएको छ । आगामी फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा गरेकाले मतदान गर्न पाउने निर्वाचन कार्यालयका प्रमुख ढकालले बताए । २०७९ मंसिर मा सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा मकवानपुरमा मतदाताको संख्या ३ लाख ९४ हजार ९१९ रहेको थियो । तीमध्ये महिला मतदाताको संख्या १ लाख ४४ हजार ९५९, पुरूष १ लाख ४९ हजार ९५४ र अन्य मतदाता ६ जना रहेका थिए ।

हेटौंडा उपमहानगरपालिका १७ निवासी सितु श्रेष्ठ मतदाता नामावली दर्ताका लागि प्रदेश निर्वाचन कार्यालयमा पुगिन् । ४५ वर्षीय श्रेष्ठको यसअघि कहिल्यै भोट हालिनन् । तर आगामी निर्वाचनमा भने मताधिकार प्रयोग गर्न उनी निकै उत्साहित देखिएकी छिन् । आउँदो निर्वाचन आफ्नो जीवनमै पहिलो अनुभव रहने उनको भनाइ छ ।

काठमाडौंबाट हेटौंडा बसाइँ सरेर आएकी श्रेष्ठले गत भदौमा जेनजी पुस्ताले गरेको आन्दोलन पश्चात् आगामी निर्वाचनमा आफूले मताधिकार प्रयोग गर्ने सोच बनाएर नाम दर्ता आएकी हुन् । यूवाहरूको आन्दोलनलाई समर्थन स्वरूप आफ्नो मताधिकार प्रयोग गरी योग्य प्रतिनिधि छान्ने सोच रहेको उनले बताइन् ।

यता, हेटौंडा ४ स्थित प्रदेश निर्वाचन कार्यालयमा मतदाता नामावलीमा नाम दर्ता गराउन पुगेका मकवानपुरको मकवानपुर गढी गाउँपालिका ३ बस्ने २० वर्षीय विश्वास लम्सालमा पनि मतदाता नामावलीमा नाम दर्ता गर्न उस्तै उत्साह छ।

जेनजी आन्दोलनले धेरै कुरा सिकाएको बताउँदै उनले जेनजी कै उम्मेदवारलाई जिताउन नाम दर्ता गर्न आएको बताए।

पुराने दल र पुराने अनुहार का नेता चुनावमा उठे आआफ्नो तर्फबाट ‘नो भोट’ हुने चेतावनी दिदैँ उनले भने, ‘जसले हाम्रो पुस्ताको माग सम्बोधन गर्ने अठोट गरेर चुनावमा उठ्छ, उहाँलाई नै समर्थन गर्ने र जिताउने लक्ष्य हो।’

हेटौंडा ८ का १८ वर्षका प्रमित आचार्य अब आउने निर्वाचनमा सही उम्मेदवार छान्ने जिम्मा जेनजी पुस्तालाई रहेको बताउँछन्। जेनजी प्रदर्शनको बलिदानीले तय भएको प्रतिनिधि सभा निर्वाचनमा आफ्नो मताधिकार प्रयोग गरेर देश विकास गर्ने, नयाँ पुस्ताका उम्मेदवारलाई जिताउन नाम दर्ता गर्न आएको बताए।

जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक घटनाक्रमले आफ्नो विचार फेरिएको बताउँदै उनले भने, ‘आन्दोलनमा त्यत्तिका मान्छेहरूको ज्यान गएको छ।

जेनजी आन्दोलनपछी पनि सुध्रिएन बागमती सरकार र दलहरु

○ सहीखबर संवाददाता

मकवानपुर । जेन जी आन्दोलनले देखाएको राजनीतिक उत्तर दायित्व र सुधारको जनअपेक्षा बागमती प्रदेशमा भने व्यवहारमै देखिन सकेको छैन ।

सत्ता गठबन्धनका दलहरुबीच सभामुख चयनमा जारी लुछाचुडीका कारण प्रदेशसभा बैठक नै बस्न नसकिरहेको छ भने सरकार र दलहरुले बजेट कटौती गरेर रोकिएका योजनाहरुलाई फेरि ‘सेटिङ मिलाएर’ खर्च गर्ने तयारी गरेको आरोप उठेको छ ।

प्रदेशसभा सभामुख भुवनकुमार पाठकको राजीनामा स्वीकृत भएको छैन । प्रदेशसभाको बैठक पनि बस्न सकेको छैन । कारण बागमीको एमाले र कांग्रेस मध्य कसले सभामुख पाउने भन्ने बिषयले प्रदेश सभा बैठक बस्न सकेको छैन ।

त्यसै कारण पनि अहिले सम्म भदौमा राजिनामा घोषणा गरेका सभामुख पाठकको राजिनामा स्वीकृत समेत भएको छैन । संसद बैठक बस्न नसकेको बहाना बनाएर दलहरु आ आफ्नो हिस्सेदारीका लागि रस्साकस्सीमा उत्रिएका छन् । कांग्रेस र एमाले दुवैले सभामुख पदमा आफ्नो दाबी कायम राखेपछि प्रदेशसभा सचिवालयले समेत बैठक डाक्न नसकेको जनाएको छ। राजनीतिक अस्थिरताले प्रदेशको प्रशासनिक कामकाज प्रभावित भएको कर्मचारीहरू बताउँछन्।

बागमती प्रदेश सरकारको तर्फबाट भने मन्त्रालय र मातहतका कार्यालयहरुको बजेट १० देखि ५० प्रतिशतसम्म कटौती गरिएको छ । कटौती गरिएको रकमलाई आफ्ना मनखुसी सेटिङमा खर्च गर्ने तयारीका कारण थप समस्या हुने कर्मचारीहरूको गुनासो छ ।

विभिन्न शीर्षकमार्फत खर्च गर्न दलनिकट समूहहरु लागेको आरोप कर्मचारीहरुले लगाएका छन् । “बजेट कटौतीका कारण बिकासे कार्यालयहरूले ठेक्का लगाएर काम गर्न समस्या भइरहेको बताएका छन् भने प्रदेश सरकार बजेटमै केन्द्रीत रहेर एक पछी अर्को निर्णय गर्नमा व्यस्त रहेको छ । प्रदेश सरकारको योजना भनेको रोकिएको रकमलाई अन्तिम त्रैमासमा सेटिङ मिलाएर हतार, हतार खर्च गर्ने तयारी भइरहेको देखिन्छ,” एक कर्मचारीले बताए।

बजेट कटौतीका कारण आफ्नो मन्त्रालय र मातहतका कार्यालयहरूलाई धेरै समस्या हुने भएका कारण यो काम रोक्नका लागि आर्थिक मामिला मन्त्रीसंग अनुरोध भइरहेको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री डाक्टर दिनेश चन्द्र देवकोटाले बताए ।

मन्त्रालयले बितेका आर्थिक वर्षमा काम सकिएका योजनाहरूको करिब अर्ब रूपैयाँ भुक्तानी दिनने बाँकी रहेकोले बजेट कटौतीले थप समस्या हुने भएकाले यसो नगर्न अर्थ मन्त्रीलाई भनिएको उनले बताए ।

जेन जी आन्दोलनमा क्षति पुगेका र मर्मत गर्नुपर्ने कार्यालयको ठेक्का लगाइ सकिएको उनले बताए । प्रदेश सरकारका जलेका संरचना पुन निर्माणका लागि ४० देखि ८० करोड रूपैझाँ सम्म लाग्ने भौतिक मन्त्री देवकोटाले बताए । कटौती बगरिएको बजेटबाट जेनजी आन्दोलनमा क्षति भएका संरचनाको पुन निर्माणका लागि खर्च गरिने र सकिने तयारीका योजनाहरूलाई सम्पन्न गर्नका लागि रकम थप गर्ने प्रदेशका आर्थिक मालि तथा योजना मन्त्री प्रभात तामाङले बताए ।

जेन जी आन्दोलनपछी प्रदेश सरकारका मन्त्रालयहरू घटाउने, अनावश्यक कार्यालयहरू घटाउनुपर्ने, प्रदेश सरकार प्रति जनताको वितृष्णा कम गर्दै लैजानुको सट्टामा प्रदेश सरकारका मुख्यमन्त्री र मन्त्रीहरू आन्दोलनको मर्म विपरित काम गरिरहेको जनगुनासो छ । धेरै योजनाहरु रोकिएका, केही ढालतुल गरिएको र केही विकास आयोजनाहरु आधामै छाडिएका छन्। तर, सभामुख चयन जस्तो संवैधानिक प्रक्रियामा समेत समझदारी बनाउन नसक्ने अवस्थामा पुगेका दलहरु बजेट व्यवस्थापनमा पारदर्शिता कायम गर्ने अपेक्षा नागरिकले कसरी राख्नु भन्ने प्रश्न उठेको छ। जेन जी आन्दोलनपछिको मर्मअनुसार पारदर्शिता, जवाफदेहिता र सुशासनको माग सडकदेखि संसदसम्म उठेको भए पनि बागमती प्रदेशमा दलहरु आन्तरिक भागबण्डा र पद राजनीतिमा मात्र केन्द्रित देखिनुले निराशा थपिएको नागरिक समाजका प्रतिनिधिहरु बताउँछन्।

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

प्रहरीको मौनता

जेनजी आन्दोलनका नाममा पछिल्ला दिनमा देशभर घटिरहेका गतिविधिहरुले केवल राजनीतिक असन्तोषको रूप मात्र देखाएका छैनन्, यसले कानून र सुरक्षाको आधारभूत मूल्यमा नै प्रश्न उठाएको छ। आन्दोलन लोकतान्त्रिक अधिकार हो, तर जब त्यो अधिकार तोडफोड, आगजनी, जनधनको क्षति र आम नागरिकमा त्रास उत्पन्न गर्ने दिशातर्फ मोडिन्छ, त्यो स्वतन्त्र अभिव्यक्तिको अभ्यास होइन स्पष्ट रुपमा अपराधको स्वरुप लिन्छ। तर विडम्बना, यस्ता आपराधिक गतिविधिमा संलग्न व्यक्तिहरु अझैसम्म नियन्त्रणमा आएका छैनन्। प्रहरी प्रशासनको ढिलासुस्ती, अनिर्णायकता र मौनताले नागरिकमा गम्भीर आशंका उत्पन्न गरेको छ। आखिर किन प्रहरी निष्क्रिय छ ? के राजनीतिक दबाबका कारण कानुनी प्रक्रिया अवरूद्ध भइरहेको हो ? कि प्रहरीभित्रकै समन्वयहीनता र इच्छाशक्तिको कमीले कारबाही सम्भव हुन सकेको छैन ?

कानूनको शासनमा बस्ने समाजमा कुनै पनि व्यक्ति वा समूह कानूनभन्दा माथि हुन सक्दैन। आन्दोलनका नाममा जथाभावी हिंसा फैलाउने र सार्वजनिक सम्पत्ति नष्ट गर्नेहरुलाई उन्मुक्त राख्नु भनेको कानुनी शासनको धज्जी उडाउनु हो। प्रहरी प्रशासनले यस्ता घटनापछि तुरून्तै अपराधी पहिचान, प्रमाण सङ्कलन र पक्राउ प्रक्रिया अघि बढाउनुपर्ने थियो।

प्रहरी संस्थामाथि जनताको विश्वास तब मात्र रहन्छ जब त्यसले निष्पक्षता र जवाफदेहिताको परिचय दिन्छ। अपराधको स्वरुप जुनसुकै होस्, अपराधी जोसुकै होस् कारबाही समान हुनुपर्छ। कुनै राजनीतिक वा प्रशासनिक दबाबका कारण प्रहरी कमजोर देखियो भने त्यसले केवल आजको होइन, भोलिको कानुनी व्यवस्था पनि कमजोर बनाउँछ। राज्यको स्थायित्व, जनविश्वास र कानूनी शासनको प्रतिष्ठा प्रहरीको हातमा छ। अपराधी उन्मुक्त रहे भने जनतामा असुरक्षा र प्रणालीप्रतिको विश्वासको संकट गहिरिँदै जानेछ। मकवानपुर प्रहरीले बुधबार ५ जनालाई नियन्त्रणमा लिएको छ, अब यो कामले निरन्तरता पाओस्, प्रहरीमाथि गौरव गर्न पाइयोस् ।

नेपालमा नयाँ पार्टी बन्दैन, बने पनि टिक्दैन



विष्णु रिजाल

पुराना वामपन्थी राजनीतिकर्मी कोमल भट्टराईले हालै आफ्नो १० वर्ष पुरानो 'यसरी सेलायो डा. देवेन्द्रराज पाण्डे नेतृत्वको नयाँ शक्ति' शीर्षकको लेख पुन: सेयर गर्दै सम्झाउनुभयो' वैकल्पिक पार्टीको चर्चा चलिरहेको बेला आजका लागि उक्त सामग्री एक सन्दर्भ स्रोत हुन सक्छ।

प्रजातान्त्रिक लोकदलको गठन र पतनको कथा सम्झाएर उहाँले खास सन्देश दिन खोज्नुभएको छ। घटना उस्तै मात्र र स्वरूपमा दुरूस्तै नदोहोरिने भए पनि राजनीतिक विज्ञानले निर्देशन गरेका विषयमा मूल प्रवृत्ति चाहिँ दोहोरिन्छ भनेर मान्ने हो भने ढुक्क भएर भन्न सकिन्छ नेपालमा नयाँ पार्टी बन्दैन, बने पनि टिक्दैन, टिके पनि क्षणिक हुन्छ।

जेन जी आन्दोलनका नाममा उत्पन्न ज्वारभाटाका बीचमा यसो भन्नु पुराना पार्टीको पक्षपोषण जस्तो देखिए पनि ऐतिहासिक तथ्य, प्रमाण र प्रवृत्तिले यो भन्न बाध्य बनाउँछन् । नेपालमा नयाँ पार्टीको कुनै भविष्य छैन। नागरिकले त्यसलाई पत्याउँदैनन्। केही उत्साही व्यक्तिको बुद्धिविलास र फगत अभ्यासबाहेक नयाँ पार्टी बनाउने प्रयत्न परिणामुखी हुन सक्दैन।

त्यसो भए पुराना पार्टी जस्ता छन्, त्यस्तैबाट जुगजग चल्छ त? चल्दैन, पक्कै चल्दैन। पुराना पार्टी बदलिएनन्, उनीहरुले आफूलाई अद्यावधिक गरेनन् र आफैंभित्रको प्रजातान्त्रिक अभ्यासलाई आत्मसात् गरेनन् भने तिनीहरुका लागि प्रजापरिषद्को ऐना हाजिर छ। ३० को दशकमा नेपालको सबभन्दा ठूलो कम्युनिष्ट पार्टीका रुपमा स्थापित नेकपा क्रमश: मोहनविक्रम सिंहको पातलो मसाल जस्तै पातलिएको आँखै अगाडि निकट विगत छ।

कुनै पनि पार्टीका लागि मानिसहरु एक ठाउँमा उभिनका लागि उनीहरुलाई जोड्ने एउटा चिज हुनु पर्छ। जसको नाम हो 'विचारधारा'। यसो भन्दा पुरानो र परम्परागत सुनिए पनि सत्य यही हो विचारधारा भएन भने जम्मा भएको असल मानिसहरुको भिड पनि प्रजातान्त्रिक लोकदलबाट जस्तो अन्तत: आ आफ्नो बाटो लाग्छ।

समाजका राम्रा मनिएका अभियन्ता वा लोकप्रियता भएका सबै व्यक्ति एक ठाउँमा उभिए पनि त्यो सामाजिक उत्तेजना धेरैबेर टिक्दैन। एजेन्डामा एक ठाउँमा उभिएका मानिसका कारण कुनै समूह वा पार्टी क्षणिक रुपमा प्रभावशाली पनि हुन सक्छ। तर, जब त्यसले संगठनको स्वरूप धारण गर्दछ, त्यस्तो बेलामा स्वत: अन्तरविरोधहरु उत्पन्न हुन्छन्। विज्ञानसम्मत यस विषयलाई समाधान गर्नका लागि एउटा विचार प्रणाली चाहिन्छ, त्यसलाई उभ्याउन संगठनात्मक सिद्धान्त चाहिन्छ। नेपालमा नयाँ दल गठन भए पनि चल्न नसक्नुका पछाडि मुख्यत: यही संकटले काम गरेको छ।

नयाँ भन्दैमा प्रगतिशील र राम्रो भइहाल्छ भन्ने हुँदैन। त्यसका लागि उसले उठाएका माग, मुद्दा र तरिकालाई पर्गेल्नुपर्ने हुन्छ। विचारमा वामपन्थी वा दक्षिणपन्थी हुनुलाई राम्रो वा नराम्रो करत्तो मनेर वर्गीकरण गर्ने? यो कुरा विश्व दृष्टिकोणमा भर पर्छ। तर, मुख्य कुरा नयाँ दल कुन विचारधारामा आधारित भएर गठन हुन्छ भन्ने कुराले त्यसको आयु, आकार र धरातल निर्धारण गर्दछ।

सन् १९९० को दशकमा पूर्वी युरोप र सोभियत संघबाट कम्युनिष्ट सत्ताहरु एकपछि अर्को गर्दै ढलेपछि इतिहासको अन्त्य (इन्ड अफ हिस्ट्री) र विचारधाराको अन्त्य (इन्ड अफ आइडोलोजी) भनेर श्रद्धाञ्जली लेख्न हतार गर्ने र त्यस विचारमा सहमत हुने सबैका गुरू फ्रान्सिस फुकुयामा आज त्यसका लागि आफूले हतार गरेको भन्दै आफ्नै इतिहासलाई उत्खनन यत्तिकै गरिरहेका छैनन्। एउटा विचारधाराको अन्त्यको घोषणा स्वत: अर्को विचारधाराको उदय वा जित होइन रहेछ भन्ने कुरा यसबीचका घटनाक्रमले पुष्टि गरेका छन्।

त्यसैले आजका पार्टीमा कुनै विचारधारा नै हुँदैन भन्ने कुरालाई मान्न सकिन्छ। सामाजिक विज्ञानको उद्भव र विकासले यस्तो कुरा मान्न अनुमति दिँदैन। कतिपयले भन्ने गरेजस्तो 'विकास र समृद्धि नै सिद्धान्त हो' भन्ने कुरालाई मान्ने हो भने पनि त्यस्तो विकास र समृद्धिको समेत सिद्धान्त हुन्छ भन्ने कुरा बुझ्न आवश्यक हुन्छ।

नेपालमा नयाँ पार्टी जन्मिँदै मरिहाल्ने र अलिकति बाँचे भने पनि 'नयाँ हुँ' भन्नेका लागि मैदान खुला छ। जनमैदानको खुला प्रतिस्पर्धामा सबैलाई स्वागत छ। क्षणिक उत्तेजना, चरम घृणा र आत्मघाती निषेधबाट होइन, प्रतिस्पर्धाको लोकतान्त्रिक विधिमा सामेल बन्दा नै सबैको परीक्षण हुन्छ। प्रतिशोधको होइन, **प्रतिस्पर्धाको सुल्टो बाटो हिँडौं।**

किशोरावस्था पनि देख्न नपाउने अवस्था छ। यसका केही उदाहरण नयाँ पार्टी बनाउँछौं भनेर करिसरहेकाहरुलाई सम्झना हुनु उपयुक्त हुन्छ।

१. २०६३/६३ को जनआन्दोलनपछि केही उत्साही, विदेशमा शिक्षादीक्षा पाएका र देशका लागि केही गरौं भन्ने भावना भएका युवाहरुले उज्ज्वल थापाको नेतृत्वमा विवेकशील पार्टी गठन गर्दा त्यसले समाजमा राम्रो तरंग ल्याएको थियो।

पछि बीबीसीको आकर्षक काम छोडेर रवीन्द्र मिश्रले त्यस्तै प्रकार का सामाजिक अभियन्ताहरु जम्मा गरेर साझा पार्टी गठन गर्दा पनि निकै चर्चा पाएको थियो। तर, ती दुवै पार्टीले आमनागरिकलाई आफूतर्फ आकर्षित गर्न सकेनन् र उनीहरु निराश भएर आपसमा गाभिए । विवेकशील साझा पार्टीका रुपमा। तर, आज एक दशकसम्म आइपुग्दा न त्यहाँ विवेकशील मान्छेहरु रहन सके न त त्यो सबैको साझा नै रह्यो।

व्यक्तिगत रुपमा करौलाई दु:ख नलागोस्। विवेकशील साझाको असफलता र अद्योपतनले वैकल्पिक राजनीतिलाई धक्का मात्र दिएन, पुराना पार्टीमित्र परिवर्तनको आवाज उठाउनेहरुलाई पनि 'देख्यो नि त' भनेर खिसिदयुरी गर्ने अवस्थामा पुऱ्यायो।

२. टेलिभिजन प्रस्तोता रवि लामिछानेले ०७९ असार ७ गते स्थापना गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले ५ महिनामै ३० सिट जितेर देखाएको तर क्की साँच्चै धेरैका लागि र स्वयं उनीहरुकै लागि पनि आश्चर्यको विषय थियो।

दिमागमा तीव्र महत्त्वाकांक्षा र मुखमा मान्छेलाई प्रभावित पार्न सक्ने ज्वाला बोकेर मैदानमा उत्रिएका रवि लामिछानेको ओरालो यात्रा यति छिटो सुरू भयो, पाँच महिनामै उकालो उक्लिँदा पनि त्यति समय लागेको थिएन।

काण्डैकाण्डको भारी बोकेर, सस्तो प्रचारबाजीको सहारा लिएर र नयाँको नारा दिएर रविले वास्तवमा भोकाएका नागरिकलाई ठगेका रहेछन् भन्ने थाहा पाउन दुई वर्ष पनि कुर्नु परेन।

रास्वपा यतिबेला ठगीको अभियोगमा जेलमा रहेका रविकै सती जाने कि पार्टीका रुपमा उभिने भन्ने दोसाँधमा छ। जता गए पनि खतरा उस्तै छ रविलाई छाडेर जाँदा रास्वपा उनले आफ्नो नाममा बनाएको पार्टी भएकाले सम्भव छैन भने रविलाई बोकेर जाँदा उनीसँगै पार्टी पनि बन्दी बनिरहेको छ। रास्वपाको उदय जति छिटो भयो, राजनीतिक अन्त्य पनि त्यति नै छिटै हुँदै गएको दृश्य देखा परिरहेको छ।

३. पूर्वी तराईमा सीके राउत र पश्चिम तराईमा रेशम चौधरीले ०७९ को चुनावमा प्राप्त गरेको सफलता राजनीतिक व्याकरणभित्र थिएन। राष्ट्र विभाजनको अक्षम्य एजेन्डा त्यागेर केपी ओली सरकारसँग शान्ति सम्झौतामा आउनासाथ मधेसका मसिहाका रुपमा रहेका उपेन्द्र यादवलाई उनकै क्षेत्रमा पुगेर परास्त गरी उदाएका सिके राउत र थारुहरुलाई एक ठाउँमा ल्याएर मूलधारका तीनै दललाई चुनौती दिएका रेशम चौधरीको पार्टी यसरी विभाजित भए, उनीहरु दुवैका परिवार पनि सग्लो रहन सकेनन्।

क्षेत्रीय दल भए पनि आफूलाई राष्ट्रिय राजनीतिमा देखाउन सफल जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको दु:खान्त कुनै अलग्गै परिघटना होइन, अरुहरुमा देखापरेको घटनाकै पुनरावृत्ति हो।

४. माओवादी जनयुद्धका क्रममा पुष्पकमल दाहालभन्दा बढी चिनिएका र बिक्ने नेता बाबुराम भट्टराईले ०७२ मा संविधान बनेपछि राजीनामा दिएर नयाँ शक्ति बनाउँदा उनले 'यत्तिकै हिम्मत गरेका होइनन् होला' भनेर दिइएको शंकाको लाम पानीको फोका साबित भयो।

मार्क्सवादमाथि नै प्रश्न उठाउँदै डा. भट्टराईले तामझामका साथ उद्घाटन गरेको नयाँ शक्ति पार्टी कुनै शक्तिका रुपमा देखापर्ने सकेन र ०७९ को चुनावसम्म आइपुग्दा आफूले जित्दै

बाँकी पेज ५ मा

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ कात्तिक २७ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

किसानको माग सम्बोधन गर्न दवाब



मकवानपुर । बेमौसमी वर्षाबाट धानबालीमा तूलो क्षति पुगेपछि क्षतिपूर्ति र किसानका दीर्घकालीन माग सम्बोधनको लागि राष्ट्रिय किसान संजालद्वारा आयोजना गरिएको दबाबमूलक कार्यक्रम आज हेटौंडामा सम्पन्न भएको छ।

बागमती प्रदेशको राजधानी हेटौंडामा आयोजित सो कार्यक्रम हेटौंडाको स्कुलरोडबाट सुरू भई बुद्धचोकसम्म ंयाली निकालेर ढुंगिएको थियो। कार्यक्रममा सहभागी किसानहरुले तत्काल पीडित किसानलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा स्थायी समस्या समाधानका लागि सरकारले प्रभावकारी कदम चाल्नुपर्ने माग गर्दै नाराबाजी गरेका थिए।

राष्ट्रिय किसान संजालका अनुसार बेमौसमी वर्षाले प्रदेशभरका किसानको धानबालीमा तूलो क्षति पुग्याएको छ। क्षतिको विवरण संकलन गरी तत्काल क्षतिपूर्ति उपलब्ध गराउन संगठनले सरकारसमक्ष बलियो माग राखेको छ। साथै भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अत्यवस्थित बसोबासीलाई जग्गा नापजाँच गरी लालपुर्जा वितरण प्रक्रियालाई गतिशील बनाउन भूमि आयोगलाई सक्रिय बनाउनु पर्ने माग पनि प्रमुख रुपमा प्रस्तुत गरिएको थियो।

किसानले सहकारी तथा दुग्ध संस्थालाई बिक्री गरेको तर अझै भुक्तानी नपाएको दुग्धको बाँकी रकम तत्काल भुक्तानी गराउन सरकारलाई दवाब दिन पनि यो कार्यक्रम आयोजित गरिएको आयोजकले बताए।

कार्यक्रममा अखिल नेपाल किसान महासंघका केन्द्रीय उपाध्यक्ष रामसरण आलेले सरकार किसान प्रतिको दायित्वबाट विमुख देखिएको उल्लेख गर्दै किसानको जीवन र उत्पादनको सुरक्षा पहिलो प्राथमिकता हुनुपर्ने बताए।

उनले हरेक वर्ष हुने प्राकृतिक विपत्तिले किसानलाई दयनीय बनाइरहेको र राहत वितरण प्रक्रियामा पनि ढिलाइ भइरहेकाले अब किसान आन्दोलन अपरिहार्य बनेको बताए।

त्यसैगरी कार्यक्रममा किसान महासंघका नेताहरु एकराज उप्रेती, विष्णु दंगाललगायतले किसानका माग परिपूर्ति नभएसम्म दबाब कार्यक्रम जारी रहने चेतावनी दिएका थिए।

ंयालीमा स्थानीय किसान, किसान सञ्जालका प्रतिनिधि तथा विभिन्न किसान संगठनका नेतृत्वकर्ताको उत्साहपूर्ण सहभागिता रहेको थियो।

नेपालमा नयाँ पार्टी बन्दैन ...

आएको गोरखा उनै पुष्पकमल दाहाललाई छाडेर प्रचारक बन्नुपर्ने र काठमाडौंमा माओवादीको संगठन नै नभएको क्षेत्रमा छोरीका लागि एक सिट माग्नुपर्ने विडम्बनाबाट उनी गुज्रिए। प्रचण्ड बाबुर मलाई दक्षिणपन्थी बिल्ला भिराउँदै क्रान्तिकार ी माओवादी गठन गरेका मोहन वैद्यको पार्टी छ/छैन भन्ने नै धेरैलाई वास्ता छैन भने एकीकृत क्रान्तिको लफ्फाजी हाँक्दै आफ्नो महत्वाकांक्षालाई मार्क्सवादको बर्कोले छोपेका नेत्रविक्रम चन्दको बर्को च्यातिएको च्यातियै छ, कहिले धर्मेन्द्र बास्तोलाहरुले तान्दा त कहिले चिरन पुनहरुले थुत्दा।

एउटै माओवादी धाराबाट कति पार्टी बने भनेर औंला भाँचेर गन्नुपरे पनि त्यस धाराको मूल पार्टीका रुपमा पुष्पकमल दाहाल नै छन्। भलै उनले यतिबेला माओवादको सिद्धान्त र माओवादी नामलाई थेग्न नसकेर अरु ससाना समूहसँग मिलेर नेपाली कम्युनिस्ट पार्टीका रुपमा पुनर्नामकरण गरेका छन्।

५. २०७८ मा नेकपा (एमाले) बाट फुटेर एकीकृत समाजवादी बनाउँदा माधव नेपाल झलनाथ खनालहरुले चार वर्षमै आजको दु:खान्त भोग्नुपर्ला भनेर सोचेका थिएनन्। कांग्रेस माओवादीको निगाहमा १० सिट जिते पनि तीन प्रतिशत मतको न्यूनतम मापदण्ड पार गर्न नसकेपछि रन्थनिएको उक्त पार्टीको भारी पुष्पकमल दाहालको नेतृत्वमा पुगेर बिसाइएको छ। ०५४ मा एमाले विभाजित गरेर बनाइएको मालेको चरम असफलताबाट पटक्कै पाठ नसिकेर गरिएको यस विभाजनले एमालेलाई क्षति त पुग्यायो, त्यसभन्दी बढी क्षति पुराना र स्थापित नेताहरुलाई पुग्यायो। फलत: माओवादीसँग एकता गर्ने निर्णय हुँदा उक्त पार्टी तीन टुक्रामा बाँडिएको छ। सैद्धान्तिक मतभेदभन्दा व्यक्तिगत अहम् र जुँगाको लडाइँका कारण भएको यस विभाजनले कुनै पनि अर्थमा आफ्नो राजनीतिक औचित्य साबित गर्न सकेन। २७ वर्ष एकीकृत पार्टीको नेतृत्व गरेका नेताहरुले आफ्नो पार्टीको हालत १७ महिना (०७९ को चुनाव) मै देखिसकेपछि एक पक्ष माओवादीसँग एकता गरेर भारी बिसाउन पुगेको छ भने अर्को पक्ष बेवारिसे बनेको छ। अनि, अर्को पक्ष चाहिं पुरानै पार्टीको ढोका ढक्ढकयाउँदै हिँडेको छ।

६. २०६२/६३ को जनआन्दोलनपछि एकाएक मधेसमा जन्मिएका पार्टीहरुको र जगज यति छिट्टै अन्त्य होला भन्ने कमैलाई लाग्येको थियो। एक गैरसरकारी संस्थाबाट राजनीतिक पार्टीमा रुपान्तरण भएको मधेसी जनअधिकार फोरमको उत्थान र पतनको कथा दक्षिण भारतीय चलचित्रहरुमा जस्तै उतारचढावपूर्ण छ। एकातिर दक्षिण दाहिना हुनु र अर्कातिर मधेसमा जनसमर्थन मिल्नुबाट हौसिएका मधेसी दलहरु आज आपसमा बोलचाल नहुने अवस्थामा छन्। विगत लामो समय मधेसमै रहेको सद्भावना पार्टीको दर्शनबाट प्रभावित भएर बनेको यो पार्टीले मूलधारका पार्टीलाई मात्र चुनौती दिएन, मधेसमा पार्टी खोल्ने लहरलाई निमन्त्रणा पनि दियो। महन्थ ठाकुर, विजयकुमार गच्छदार, जयप्रकाशप्रसाद गुप्ता जस्ता रगतमै कांग्रेस बग्येका नेताहरु पनि यही बाढीमा पस्येका थिए। कसो कसो उपेन्द्र यादवले किनारामै भए पनि पौडी खेलिरहे पनि मुख्य पात्र आज किनारा लागिसकेका छन्। गच्छदार घर फर्किए, ठाकुर पुराना वेदना सुनाउनमै व्यस्त छन्, गुप्ता मुद्दाका कारण किनाराकृत छन्। आज मधेसको एक नम्बर पार्टी एमाले र दोस्रोमा कांग्रेस छन्।

७. शेरबहादुर देउवाले ०५९ मा प्रजातान्त्रिक कांग्रेस बनाउँदा उनलाई साथ दिने धेरै नेताहरु या त उनीभन्दा पहिल्यै कांग्रेसमा फर्किए या त अहिलेसम्म पनि उनीसँग सन्तुष्ट हुन नसकी तुष मेटाइर हेका छन्। ०६२/६३ मा जनआन्दोलन नभएको भए र त्यसमा सबै दलहरुले सहकार्य गर्नु नपरेको भए सत्ता, शक्ति र दरबारको आशीर्वादमा बनेको प्रजातान्त्रिक कांग्रेसको इतिहास तराई कांग्रेस वा मातृकाप्रसाद कोइरालाको पार्टीको जस्तो हुने थियो।

गिरिजाप्रसाद कोइरालाको सदाशयता र आफ्नो भाग्यको सम्मिश्रणबाट मूल कांग्रेसकै नेतृत्वमा स्थापित भएर इतिहासमा सम्मानजनक स्थान बनाए पनि शेरबहादुर देउवामाथि पार्टी फुटाएको भनेर लाग्येको ग्रहण करौंगरी पखालिँदैन। सायद, कांग्रेस विभाजित नभएको भए असोज १८ र माघ १९ का घटना हुने थिएनन् र मुलुकले थप दु:ख पाउनुपर्ने थिएन होला।

८. राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्षमा हारेपछि कमल थापाले बनाएको नयाँ पार्टीको सफलता ०७९ को चुनावमा मकवानपुर १ मा सूर्य चिन्ह पाउनमा भन्दा बढी कतै देखिएन। राजनीतिका सदाबहार खेलाडी, सत्ता बजार मा तीव्र घ्राणशक्तिका धनी र वाक्पटु थापाले रिसको झोकमा निर्मल निवासलाई आफ्नो पराजयको दोष पन्छाए पनि पार्टी विभाजनको पराजयलाई उनले थाम्न सकेनन्। दबार बारिया, पूर्वपञ्चहरुका दुई समानान्तर पार्टीको अभ्यास पहिल्यै असफल साबित भइसकेको तथ्य कमल थापा जस्ता चतुर राजनीतिज्ञले सम्झिन नचाहे पनि परिणामले पुन: त्यही स्मरण गराइदिएको छ। २०१० साल वरपरका कांग्रेसका र २०३० साल वर परदेखिका कम्युनिस्टहरुका पुराना कुरालाई अलग राख्दिमा राखिदिने हो भने पनि हालैका यी घटनाक्रमलाई गम्भीरताका साथ सम्झना गर्नैपर्ने हुन्छ।

यी घटनाक्रमबाट निष्कर्ष निकाल्न सकिन्छ नेपालमा नयाँ पार्टी निर्माण सम्भव छैन, पुराना पार्टी फुटाएर अर्को पार्टी बनाउन पनि सम्भव छैन। पहिलो, पुराना पार्टीसँग आफ्नो पंक्तिलाई जोड्नका लागि इतिहास छ। उनीहरुका सयौं हजारौं नेता कार्यकर्ताले शहादत, जेल, नेल, यातना र देशनिकाला भोग्येका छन्।

सत्तामा पुग्ने सबै चोखा नहुन सक्छन् तर त्यसको तुलनामा त्याग, तपस्या र योगदान गर्ने पंक्ति तूलो छ। १२/१५ वर्ष जेल बसेका मानिसले जीवनमा वडाध्यक्ष बन्ने अवसर नपाएर पनि पार्टीमा निरन्तर ता दिएका छन्। पुराना पार्टीले आर्जन गरेको यस पुँजीले देशव्यापी पंक्तिलाई जोड्ने असाधारण रसायनको काम गर्छ। आज लेख्न, बोल्न, विरोध गर्न, नयाँ पार्टी गठन गर्न जुन स्वतन्त्रता प्राप्त भएको छ, यो सबै यी नै दल र नेताको लडाइँले सम्भव भएको हो। तपाईं मान्नुस् वा नमान्नुस्, मन पराउनुस् वा नपराउनुस् वास्तविकता यही हो।

इतिहासको ब्याज खाएको भन्नुस् वा आन्दोलनको मुनाफा खाएको भन्नुस् संघर्षको लाभ पुराना पार्टीलाई भइरहन्छ। अन्यत्र पनि यस्तो हुन्छ। छेउछाउमै हेर्नुभयो भने पनि भारतमा कांग्रेस आई, पाकिस्तानमा पाकिस्तान पिपुल्स पार्टी, बंगलादेशमा अवामी लिग जस्ता पार्टीको आधार पनि यही हो। दोस्रो, पुराना पार्टीले केही पनि गरेनन्, देशको विकासै गरेनन् भनेर तपाईंले जति प्रचार गरे पनि यस प्रचारलाई जनताको बीचमा स्थापित गर्न सक्नु हुन्न। किनभने, गाउँ गाउँमा विकास आफ्नै अगाडि पुगेको नागरिकले देखे भोग्येका छन्। बिहान ४ बजे पानी भर्न जाने महिलाले आफ्नै आँगन छेउछाउमा पाइपबाट पानी आउँदा पाएको राहतको हिसाब तपाईंको कम्प्युटरले निकाल्न सक्दैन। ढाउकामा नाम्लो लगाएर र ढाडमा भारी बोकेर हिँड्ने मान्छे आज आफ्नै गाडी चढेर गाउँ पुगेपछि तपाईंको हजार तर्कभन्दा उसका लागि त्यही तर्क बलशाली हुन्छ। हातमा मोबाइल छ, गाउँमा बत्ती पुग्न थालेको छ, बिरामी हुँदा सिटामोल पाइन्छ।

नानीहरुले जे जस्तो भए पनि गाउँकै स्कुलमा पढ्न पाएका छन्। जाने बुझ्केका मानिसले देखेजस्तो विकास नभए पनि विकासै भएन भन्दा करौले पत्याउने अवस्था छैन। यसको श्रेय अवश्य पनि मूलधारका पार्टीहरुले पाउँछन्। तेस्रो, मूलधारका पार्टीलाई र जिनीतिक विचारधाराले बाँधेको छ। गाउँमा बस्ने कांग्रेसको साधारण कार्यकर्तासँग पनि संकटका बेला भन्नका लागि बीपी कोइराला र प्रजातान्त्रिक समाजवाद छन् भने एमालेका समर्थकले अहिलेका नेताहरु चित्तै बुझ्नेछन् भने पनि मदन भण्डारी र जनताको बहुदलीय जनवाद भनिहाल्छन्। यी कुनै भन्नका लागि मात्र उपलब्ध विषय होइनन्, पौने शताब्दीका आर्जन हुन्। विचारधाराले जब मानिसलाई जोड्छ, तत्कालका घटनाले त्यति तूलो प्रभाव पार्दैन। एमालेले अंगीकार गरेको जनताको बहुदलीय जनवाद र कांग्रेसले बोकेको प्रजातान्त्रिक समाजवाद कम्तीमा आफ्ना कार्यकर्ताका लागि एकताको सूत्रमा बाँधिराख्ने सबभन्दा बलिया डोरीका रुपमा स्थापित छन्।

पार्टी बनाउन तम्सिनेहरुसँग चाहिं के छ? कुन वैकल्पिक विचारधारा छ? कुन वैकल्पिक सांगठनात्मक सिद्धान्त छ? कुन वैकल्पिक चेतना छ? विकास, समृद्धि, सुशासन, भ्रष्टाचारको अन्त्य, रोजगारी आदि कुरा पनि विचारधारामा आधारित हुन्छन् र तिनको पनि सैद्धान्तिक आधार हुन्छ भन्ने कुरा जबसम्म बुझ्किन्न, तबसम्म दुई चार सिट ल्याएर सतहमा देखिने कुरा कुनै तूलो हुन्न। त्यस्तो काम त विश्वेन्द्र पासवान, हरिचरण साह, प्रेमबहादुर सिंह, सरिता गिरी, एकनाथ ढकालहरुले पनि गरेका थिएनन् र? के नयाँ कुरा भयो?

मान्छेलाई परिवर्तन चाहिएको छ। नि:सन्देह इतिहास घोटेर मात्र वर्तमानमा बाँच्न सकिन्न। कांग्रेस एमालेले राम्ररी मुलुक चलाउन सकेको भए, नागरिकका अपेक्षाहरुको राम्ररी सम्बोधन गर्न सकेको भए र सुशासन दिन सकेको भए आजको अवस्था आउने थिएन। तर, यसको मतलब यो होइन, कुनै एउटा कार्यालयमा राम्रो काम गरेको कर्मचारी वा आफ्नो क्षेत्रमा राम्रो साबित पेसाकर्मीले राजनीतिको डुंगा पार लगाउन सक्छ।

असन्तुष्टि र आक्रोश एउटा कुरा हो। तर, त्यसलाई मात्र संगठित गर्दा समयक्रममा त्यो स्वयं उनीहरुतिर नै फर्किन्छ। उदाहरण, दिल्लीका अरविन्द केजरीवाल नजिकै छन्। अरुको विरोध गर्न, उचाल्न, आक्रोशित बनाउन र भर्त्सना गर्न सजिलो हुन्छ। तर, काम गर्न चाहिँ गाह्रो हुन्छ भन्ने कुरा सुशीला कार्कीको ६ महिने म्यादी सरकारले ५५ दिनसम्म पनि पूर्णता पाउन नसक्नुबाट बुझ्न सकिन्छ। यदि अहिले चर्चामा रहेजस्ता व्यक्तिहरुले एक ठाउँमा आएर नयाँ दल बनाएछन् भने पनि त्यसबाट कुनै परिणाम आउन सक्दैन।


फरक फरक आकांक्षा, फरकफरक पृष्ठभूमि र फरक फरक मान्यता बोक्नेहरुलाई कांग्रेस एमालेको रिसले एक ठाउँमा ल्याए पनि एजेन्डाको कुरा आउँदा आआफ्नै बाटोतिर फर्काउँछ विभिन्न शुभ अशुभ कार्यबाट ब्राह्मणका गोठमा आइपुगेका गाईहरु दाम्लो खोल्नासाथ आफ्आफू आएको बाटोतिर फर्किए जस्तो।

सुधारका लागि मूलधारका पार्टीलाई नै ठोकपिट गर्नुपर्छ, आलोचना गर्नुपर्छ र सही मार्गमा लाउन बाध्य पार्नु पर्छ। यदि कुनै मूलधारको पार्टीले समाजमा आएको परिवर्तनको चाहनालाई आत्मसात् गर्न सकेन भने ऊ स्वत: अप्रासंगिक हुन्छ, प्रजा परिषद् जस्तै। नेपाली समाजलाई 'नायक' फिल्मको अनिल कपुरजस्तो शासक चाहिएको छ, जसको मुख नै सरकार होस्, आदेश नै कानुन होस्। तर, यस्तो कुरा फिल्ममा मात्र सम्भव हुन्छ, समाजमा होइन।

त्यसैले, हावाहुरी चलेको बेला धेरै तरंगित र भावुक बन्न जरूरी छैन। छोटा सपनाको आयु छोटो हुन्छस् रवि, रेशम, सीके आदिबाट उदाहरण लिँदा हुन्छ। मुख्य कुरा, शासकीय क्षमतामा वृद्धि, नागरिकलाई समयमा सेवा प्रवाह, सत्तालाई बिचौलियाको खेलमैदानबाट मुक्त र आफ्ना कमी कमजोरीको खुला दिलले आत्मालोचना गरेर जनतामा जानुपर्छ। फागुन ३१ होस् वा जेठ ३१ मूलधारका प्रमुख दलको जनाधार मा समस्या छैन। नेतृत्व तहमा उठेका प्रश्नलाई हल गरेर जाँदा कार्यकर्ता पंक्ति र जनमतले लोकप्रियतावादको अस्थायी धक्कालाई सजिलै परास्त गर्न सक्छ।

'नयाँ हुँ' भन्नेका लागि मैदान खुला छ। जनमैदानको खुला प्रतिस्पर्धामा सबैलाई स्वागत छ। क्षणिक उत्तेजना, चरम घृणा र आत्मघाती निषेधबाट होइन, प्रतिस्पर्धाको लोकतान्त्रिक विधिमा सामेल बन्दा नै सबैको परीक्षण हुन्छ। प्रतिशोधको होइन, प्रतिस्पर्धाको सुल्टो बाटो हिँडौं। *लेखकको पेजबाट*

‘उपभोक्ताहरूले बचाएको वनको काठ उपभोक्तालेे प्रयोग गर्न पाउनु पर्छ’



नेपालको सांविधान २०७२ ले वनको क्षेत्राधिकार प्रदेश सरकारलाई दिएको छ । वन अतिक्रमण तथा फंडानीका कारण वनको क्षेत्रफल र गुणस्तर घटिरहेको सन्दर्भमा करिब ३५ वर्षअघि वन संरक्षणका लागि समुदायलाई हस्तान्तरण गर्ने अभियान नै सञ्चालन भयो । समुदायलाई वन हस्तान्तरण गरेपछि वनको क्षेत्रफल र हैसियतमा सुधार आएको छ । २९ प्रतिशत क्षेत्रमा सिमित भइसकेको नेपालको वन ४६ प्रतिशत पुगेको छ । समुदायले वन संरक्षण गरेपनि उपभोगको सवाललाई लिएर उपभोक्ताहरूका असन्तुष्टिका स्वरहरू मुखरित छन् ।

यसै सन्दर्भमा बागमती प्रदेशका **वन तथा वातावरण मन्त्री भरत केसीसंग सम्पादक सरिता दाहालले** गरेको कुराकानीको सार :

बागमती प्रदेशको वन वातावरण मन्त्री भएपछि मन्त्रालयलाई कसरी चिन्नुभयो ?

पहिलो कुरा त हामीले वन वातावरणको सवालमा अहिलेको अवस्था के हो, चुनौती के हो भनेर त्यसलाई केलाउनु, पहिचान गर्नु जरूरी देखाएका छौ । म बागमती प्रदेशको वन वातावरण मन्त्री भएर यो क्षेत्रमा प्रवेश गर्दै गर्दा केही सिकें ।

बाहिर राम्रो कुराहरू सुनेका थिएँ, तर त्यांक्कै फिल्डमा त्यस्तो भएको पाइन । जस्तै उदाहरण दिनु पर्दा, बागमती प्रदेशको वन वातावरण मन्त्रालयमा अहिलेसम्म वन मन्त्रालयमात्रै चलेको रहेछ, वातावरण मन्त्रालय नै चलेको रहेनछ भन्ने पाएँ ।

मन्त्रालयको नाम वन तथा वातावरण भए पनि कामको हिसाब, नतिजाले वातावरण मन्त्रालय नै चलेको पाइन मैले । अर्थात् मन्त्रालयमा ९०/९० प्रतिशत काम दुबै क्षेत्रको हुनु पर्ने हो तर त्यो देखिएन । वातावरण क्षेत्र हेर्ने एक जनामात्रै कर्मचारी फोकल पर्सन हुनुहुदों रहेछ, प्रगतिको कुरै छाडौं ।

त्यो भनेको एक प्रकारको लापार्वाही नै भन्ने मलाइ लाग्छ । यस विषयमा यस अघिका नेतृत्वहरूले हेक्का नगर्नु भएको हो या के हो मैले बुझ्किन । तर यो गलत हो, यसबारे अनुसन्धान जरूरी छ । वातावरण क्षेत्रमा धेरै काम गर्नु पर्ने छ, सेभ अर्थको सवालमा कुराहरू चर्का चर्का हुन्छन् तर काम देखिएन । जुन रूपमा बाहिर देखेको, सुनेको रूपमा चिनारी थियो, मन्त्रालयको हालत बिल्कुल फरक रहेछ ।

बागमती प्रदेश वातावरण क्षेत्रमा किन पछाडी ? अब पनि यस्तै हो कि केही सुधार हुनेछ ?

साही भन्नुभयो, मलाई समेत यो अनुभुत भएको कुरा हो । प्रदेश सरकारले वातावरण क्षेत्रमा कामको लागि प्रकृया नै अघि नबढाएको जस्तो आभाष मलाइ पनि भयो । वन मन्त्रालयसँगै वातावरण मन्त्रालय पनि छ भन्ने विश्वास र काम देखाउनको लागि म लागी पर्नेछु । सबैभन्दा पहिले हामीले वातावरण क्षेत्रको लागि एउटा डेडिकेटेड टिम बनाउनेछु । जसले वातावरणमा मात्रै फोकस भएर काम गर्न सकोस् । त्यस अनुरूप काम गर्ने मेरो पहिलो योजना छ ।

वन जोगाउनको लागि सर्वसाधारणहरु मरिमेटेर लाग्छन्, सामुदायिक वन समाजको धन भनेर लागेकाहरुलाई नै सरकारले न्याय गरेन भन्ने गुनासाहरु पनि छन्, यो गुनासो कस्तो लाग्छ ?

सबैभन्दा पहिले त, वन संरक्षणकै कुरा प्राथमिकतामा पर्छ नै, यसमा दुई मत छैन । तर सँगसँगै के विचार गर्नुपर्छ भने, स्रोतको संरक्षण मात्रै किन, स्रोतबाट हामीले के प्राप्त गर्ने र यसको स्थिती के हो भन्ने सवालमा स्पष्ट हुनुपर्छ ।

सरसर्ति हेर्दा के देखिन्छ भने हिजो हामीले वनको कल्पना गर्‍यौ । हाम्रो वरीपरीका नाङ्गा डाँडाहरू कुरूप थिए, हरियाली थिएनन्, विविध प्रकारका समस्या थिए । त्यसपछि हामीले वृक्षरोपण गर्‍यौ, वन बनायौ, बाक्लो पार्‍यौ, सामुदायिक वनहरू बनायौ, समुदायलाई जिम्मेवार बनायौ ।

अब यति गरेज्जेल हामीले संरक्षण, संरक्षण, संरक्षण मात्रैको रटान लगायौ । अहिलेको अवस्थामा हेर्ने हो भने ति बिरूवाहरू बयस्क भइसकेका छन् । बिरूवाको जीवनचक्र पनि मानव जीवन चक्र जस्तै रहेछ ।

मान्छे जन्मन्छ, हुर्कन्छ, वृद्ध हुन्छ, मृत्यु हुन्छ । यसै गरी बिरूवा पनि उम्रन्छ, हुर्कन्छ, बयस्क अर्थात काठ योग्य हुन्छ । यतिबेलै हो बिरूवाको उपभोग गरिनु पर्ने । उपयोग गर्न नपाएपछि गुनासाहरू त आइहाल्छन् नि । यि जायज गुनासा हुन्, उहाँहरूको अधिकार पनि हो । उपभोक्ताहरूले बचाएको वनको काठ उपभोक्ताले प्रयोग गर्न पाउनु पर्छ ।

तर हामी कहाँ त काठको उपभोग गर्न धेरै अवरोधहरु छन्, संरक्षण गर्नेलाइ स्रोतको उपभोगमा सुनिश्चितता नै छैन, कसरी संरक्षणकर्तालाई स्रोतको सुनिश्चितता दिलाउने ?

हो, बिरूवाबाट हुर्काउन संरक्षण गर्न योगदान गर्ने, नाङ्गा डाँडाहरूलाई हरियाली बनाउने तर काठ बनेपछि काट्न नपाइने, कुहिएर खेर जानु पर्ने अवस्था विद्यामान रहेको सत्य हो । म पनि स्वीकार्छु यो सवाल । त्यसैले त धेरै काम बाँकी छ । बयस्क अर्थात काठ योग्य भएपछि उपभोग गर्न पाए पो संरक्षणमा पनि अझै हौसला मिल्छ ।

अहिलेको अवस्था के छ भने, बयस्क काठको प्रयोग/ सदुपयोग गर्न थालियो भने, अनावश्यक टिकाटिप्पणी मिडियामै आउँछ । डिएफओ, मन्त्री, काठ तस्कार मिलेर काठ बेचे, खाए भनेर व्यापका रूपमा जान्छ मिडियाबाटै । यस्तो भाष्य स्थापित गरिएको छ कि “रूख चाँही काट्ने नै हैन, रूख काट्न पाइदै पाइदैन ।” यो भाष्य पूर्णत: गलत छ । यसलाई सकारात्मक वकालत गरेर सुधार गर्नु पहिलो आवश्यकता देखिएको छ ।

रूख निश्चित अवधि पुगेपछि प्रयोग गर्ने हो, तयार सम्पत्तिलाई कुहाएर खेर फाल्ने हैन, राज्यको जीडीपीमा योगदान गर्ने अवस्था बन्नु पर्छ । संरक्षणको चक्र पुरा भएपछि प्रयोग गर्नुपर्छ । अब संरक्षणसँगै उपयोगको नीतिमा पनि काम गर्नु पर्छ । यो सवालमा मिडियाले पनि वकालत गर्नु जरूरी देख्छु म । यसको लागि मन्त्रालयले चाँडै केही नयाँ ऐन संशोधन गर्ने छ ।

त्यसोभए काठको प्रयोगमा वन ऐन, कानूनकै समस्या भएको हो त ?

केही सवालमा विकल्प नदिकन नीति बनाउँदा कार्यान्वयन नहुने रहेछ । एउटा उदाहरण दिन्छु, हामीले अघिल्लो वर्ष बागमती प्रदेशको वन तथा वातावरण मन्त्रालयले प्रदेशको सबै सरकारी संरचनाहरूको निर्माण तथा मर्मतमा स्थानीय काठको प्रयोग गर्ने भनेर नीति बनायौ, पास पनि गर्‍यौं, तर कार्यान्वयमा नै समस्या भयो ।

हाम्रो प्रदेशमा पाहाडी जिल्ला पनि छन्, मित्रि मधेश जिल्ला पनि छन् । पाहाडी जिल्लामा स्थानीय काठ प्रयोग गर्नेभन्दा त्यहा उतिस सल्लो पाइन्छ, त्यो बढीमा डेढ दुइ वर्षमात्रै टिक्छ, त्यो प्रभावकारी भएन, हाम्रो नीति नै काम लागेन ।

तराइमा सालका काठहरू लिलाम नभएर थन्किएर बसेका छन् । प्रक्रियाहरूमा फेरि झमेला मात्रै छ, एक पटक लिलाम सूचना गरेर लिलाम भएन भए त्यो वर्ष यसै थन्किएर बस्छ बरू कुहिन सुरू हुन्छ, अर्को सूचना गर्न पाइदैन । कुनै जिल्लामा काठ कुहिन्छन्, कतै काठ लैजानै पाइदैन, खाँचो छ ।

यो त समस्या भयो कसरी सल्ट्याउनुहुन्छ त अब आफ्नो कार्यकालमा ?

हो अब प्रदेशको १३ जिल्लामा जिल्ला वन पैदावर आपुर्ति समिति सक्रिय छ । त्यसै मार्फत सबै जिल्लामा काम गर्नपर्छ भन्ने लागेको छ । सबै जिल्लामा जिल्ला वन पैदावर आपुर्ति समिति गठन गर्ने र अन्तर जिल्लामा सहजिकरण गर्ने सोच बनाएको छु । प्रदेशको चितवन, मकवानपुर, सिन्धुलीमालगायतको जिल्लामा प्रति क्युफिट ३ हजार रूपैयाँमा काठ लिलाम हुन्छ, कतिपय अस्थामा त्यो पनि हुदैन, अर्कोतिर यही प्रदेशको काठमाडौ, काभ्रे, दोलखा, नुवाकोटतिर चाँही सालको काठ प्रयोग गर्न पर्‍यो भने प्रति क्युफिट ७ हजार रूपैयाँमा मलेसियन काठ प्रयोग गर्नुपर्ने पीडा छ ।

हामी आफ्नो प्रदेशको काठ समेत अन्तरजिल्ला लैजान नपाउने अनि त्यो मलेसियन काठ चाँही जहाँ पनि लैजान पाउने कस्तो नीति छ हेर्नु न । यही नीति नै गलत छ । अनि तपाईले भन्नुभएको जस्तो उपभोक्ता/ संरक्षणकर्मीहरूलाई कसरी हौसला दिने, कसरी स्रोतको सुनिश्चितता गर्ने ?

पहाडमा स्थानीय काठ प्रयोग गर मनेर कसैले उतिसको काठको घर बनाउँछ त ? बरू प्रति क्युफिटमा १ हजार २ हजार अन्तर परे पनि स्वदेशी कामको प्रयोग गर्न वातावारण बनोस् नीति बनोस् अनि पो हुन्छ । जनताको लागि यो पो राहत हुन्छ, यसले आयस्रोत पनि बढाउँछ ।

अब निजी जग्गाको काठको कुरा गरौं न, किसानले निजी जग्गामा बिरुवा हुर्काउन पाउने बेच्न नपाउने यो कस्तो नीति हो ?

यहाँ झन् पीडा छ जनताको । आफ्नो बारीमा बिरूवा उम्रन्छ, जनताले

पीडा छ जनताको । आफ्नो बारीमा बिरुवा उम्रन्छ, जनताले जोगाउँछन्, अथवा कतिपय अवस्थामा आफै रोपेर हुर्काउँछन, तर बेचेर आफ्नो गर्जो टार्न पाउँदैनन् । तपाई सही विषय उठाउनुभयो । यसका पनि परिवर्तन अनिवार्य छ । किनभने यस्ता किसान जनतालाई प्रोत्साहन गर्नु पर्ने हो सरकारको नीति यो रहेनछ । अब हामी वन ऐन र वातावारण ऐनको समयानुकुल परिवर्तनको लागि एउटा समूह बनाएका छौं ।

जोगाउँछन्, अथवा कतिपय अवस्थामा आफै रोपेर हुर्काउँछन, तर बेचेर आफ्नो गर्जो टार्न पाउँदैनन् । तपाई सही विषय उठाउनुभयो । यसका पनि परिवर्तन अनिवार्य छ । किनभने यस्ता किसान जनतालाई प्रोत्साहन गर्नु पर्ने हो सरकारको नीति यो रहेनछ । अब हामी वन ऐन र वातावारण ऐनको समयानुकुल परिवर्तनको लागि एउटा समूह बनाएका छौं, अब केही गर्छौं ।

जनताले निजी जग्गामा लगाएको काठ अन्नपात जस्तै सहजै बेच्न पाउनु पर्ने माग गर्दै आएका छन्, हामी यसमा पनि सकारात्मक छौं । *बाँकी पेज ५ मा*

यस्तो छ बागमती प्रदेशका आर्थिक चुनौती

सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशमा भौतिक पूर्वाधारहरु सडकमार्ग, स्वास्थ्य सेवा र सहज खानेपानी, ढल तथा फोहोर व्यवस्थापन, पूर्वाधारयुक्त व्यवस्थित बस्ती विकास एवम् उचित व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको नेपाल राष्ट्र बैंकले गरेको अध्ययनमा देखिएको छ ।

केन्द्रीय बैंकले गरेको 'आर्थिक वर्ष २०८१/८२ को आर्थिक गतिविधि अध्ययन' अनुसार, यस प्रदेशमा प्राकृतिक प्रकोपको जोखिम उच्च रहेकाले यस्ता प्रकोपलाई रोकथाम गर्दै ती प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको उल्लेख गरेको छ ।

बागमती प्रदेशका केही चुनौतीहरू उल्लेख गर्दै अध्ययनमा भनिएको छ, "शिक्षामा गुणात्मक विकास गर्ने कार्य तथा स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनुका साथै सहज पहुँच विस्तार गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।"

सहरी क्षेत्रमा बढ्दो जनसङ्ख्या वृद्धिले कृषियोग्य भूभाग सङ्कुचन हुनुका साथै पहाडी तथा हिमाली क्षेत्रमा बसाइसराइका कारण जमिन बाँझो हुने प्रवृत्तिका कारण कृषियोग्य जमिनको संरक्षण तथा उपयोगमा सन्तुलन मिलाउने कार्य चुनौतीपूर्ण रहेको अध्ययनमा देखाइएको छ ।

जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण कृषि, जलविद्युत, पूर्वाधार, उद्योग, सेवा क्षेत्रमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्दै दिगो विकासका लागि आवश्यक लगानी बढाउने कार्यलाई पनि जटिलताको रूपमा लिइएको छ । कृषिमा आश्रित जनसङ्ख्यालाई पूर्णकालीन रोजगारीका अवसर सिर्जना गर्ने र कृषि उत्पादन बृद्धि गर्ने कार्यलाई पनि केन्द्रीय बैंकले चुनौतीको रूपमा ठहर गरेको छ ।

उपत्यकालगायत आसपासका क्षेत्रमा जग्गाको मूल्यमा वृद्धि भएसँगै उद्योग स्थापनाका लागि निजी क्षेत्रले अधिक मूल्यमा जग्गा लिजमा लिनुपर्ने र सोकारण उत्पादित वस्तुतथा सेवाको उत्पादनलाई प्रतिस्पर्धात्मक बनाउने कार्यलाई जटिलताका रूपमा लिइएको छ ।



यस प्रदेशमा चुनौती मात्रै होइन सम्भावना पनि उत्तिकै रहेको अध्ययनमा समावेश छ । काठमाडौं, भक्तपुर, ललितपुरजस्ता ऐतिहासिक स्थललाई धार्मिक सांस्कृतिक पर्यटनमा ठुलो योगदान पुयाउन सक्ने सम्भावना छ ।

नेपालको अन्तर्राष्ट्रिय विमानस्थलमध्ये सबैभन्दा व्यस्त विमानस्थल यसै प्रदेशमा रहेको र अन्य प्रदेशको तुलनामा पर्याप्त पर्यटकीय पूर्वाधार रहकाले पनि छिट्टै आर्थिक विकास हुन सक्ने केन्द्रीय बैंकको अध्ययनमा समावेश छ ।

पर्यटन क्षेत्रको विकासमार्फत प्रदेशको चौतर्फी विकास गर्ने सम्भावना रहेको र यस प्रदेशमा उपलब्ध भौगोलिक विविधता तथा अन्य प्रदेशको तुलनामा कृषि, पर्यटन, जलविद्युत तथा व्यापारका क्षेत्रमा रहेको लगानीका कारण रोजगारीको अवसर र आर्थिक वृद्धि हासिल गर्ने सम्भावना उच्च छ ।

सूचना प्रविधि तथा बढ्दो सञ्जालीकरणले उपलब्ध गराएको अवसरको उपयोगमार्फत प्रदेशमा दिगो आर्थिक वृद्धि हासिल गर्ने सम्भावना उच्च रहेको अध्ययनमा देखाइएको छ । यस प्रदेशमा रहेका उच्च बहावयुक्त नदी एवम् जलस्रोतको उच्चतम प्रयोगमार्फत जलविद्युत् उत्पादनको ठूलो सम्भावना रहेको छ ।

कृषि क्षेत्रमा नवीनतम प्रविधि, गुणस्तरीय बिउ बीजन एवम् प्राविधिक सहजीकरणको उपयोग गरी कृषिमा व्यावसायीकरण गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने तथा भौगोलिक अवस्थिति अनुसार जडिबुटीको खेती गरी कृषकहरुको आयआर्जन एवम् सो उत्पादनहरुलाई अन्तिम वस्तुका रुपमा प्रशोधन गर्ने उद्योग स्थापना गरी बहुआयामिक लाभ लिन सक्ने सम्भावना रहेको अध्ययनमा उल्लेख छ ।

पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटकीय गतिविधिसँग सम्बन्धित सेवामूलक उद्योग स्थापना गरी प्रत्यक्ष तथा परोक्ष रूपमा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार गरी आन्तरिक एवम् बाह्य पर्यटकीय गतिविधिसँग सम्बन्धित सेवामूलक उद्योग स्थापना गरी प्रत्यक्ष तथा परोक्ष रोजगारीका अवसर सिर्जना गर्ने सम्भावना रहको अध्ययनमा देखाइएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशको आर्थिक वृद्धिदर पाँच दशमलव दुई प्रतिशत रहने अनुमान छ । गत वर्ष यस्तो वृद्धिदर तीन दशमलव सात प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रू ३२ खर्ब ३० अर्ब ३३ करोड पुग्ने अनुमान छ । समीक्षा वर्षमा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः ११ दशमलव आठ प्रतिशत, ११ दशमलव एक प्रतिशत र ७७ दशमलव एक प्रतिशत रहने अनुमान छ ।

समीक्षा वर्षमा मुलुकको समग्र कृषि, उद्योग र सेवा क्षेत्रमा बागमती प्रदेशको अंश क्रमशः १७ दशमलव एक प्रतिशत, ३१ दशमलव सात प्रतिशत र ४५ दशमलव चार प्रतिशत रहने अनुमान छ । बागमती प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटर साइकल मर्मत सेवाको अंश सबैभन्दा बढी रहेको छ ।

घरजग्गा कारोबारको अंश १५ दशमलव दुई प्रतिशत, कृषि, वन तथा मत्स्यपालनको अंश ११ दशमलव आठ प्रतिशत, वित्तीय तथा बीमाको अंश ११ दशमलव दुई प्रतिशत, यातायात तथा भण्डारणको अंश नौ दशमलव तीन प्रतिशत तथा उत्पादनमूलक उद्योगको अंश चार दशमलव नौ प्रतिशत रहको छ ।

सिलिङ्गे मौरी चरन क्षेत्र, अन्य जिल्लाका मौरीपालकलाई रोक

सहीखबर संवाददाता

मकवानपुर। मकवानपुरको राक्सिराङ गाउँपालिका ६ स्थित मौरीचरन क्षेत्रमा अन्य जिल्लाका मौरीपालक किसानलाई मौरी चरनका लागि रोक लगाइएको छ।

मौरीपालन पकेट क्षेत्रको रूपमा रहेको राक्सिराङ गाउँपालिका ६ मा स्थानीय मौरीपालक किसानका लागि चरन क्षेत्र सुरक्षित गर्न बाहिरी जिल्लाका मौरीलाई व्यवस्थापन गर्न नदिने गरी रोक लगाइएको हो।

सिलिङ्गे सामुदायिक वन उपभोक्ता समितिको बैठकले वडा नम्बर ६ को बढहरे, भागेनी, चापल, धुसराङ, माकलदमार, करौसे, सिलिङ्गे लगायतका स्थानमा राक्सिराङ गाउँपालिका ६ का मौरीपालक किसानको मौरी व्यवस्थापन गर्ने निर्णय गरेको मौरी चरन क्षेत्र व्यवस्थापन समितिका सहसंयोजक दिनेश प्रजाले जानकारी दिनुभयो।

वडा नं. ६ मा ३६ जनाभन्दा बढी मौरीपालक किसान रहेकोले उनीहरूको मौरी चरनका लागि स्रोत नपुग्ने भएकोले अन्य जिल्लाका मौरी व्यवस्थापनमा रोक लगाइएको उहाँको भनाइ छ।

सिलिङ्गे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष कृष्णलाल तामाङको संयोजकत्वमा प्रजा सहसंयोजक तथा सुमन प्रजा, रावन प्रजा, बेलमान प्रजा र दिपन प्रजा रहेको स्थानीय मौरीपालक किसानको मौरीका घार व्यवस्थापन गर्न समिति गठन गरिएको छ।

राक्सिराङ गाउँपालिका ६ स्थित सिलिङ्गे सामुदायिक वन समूहको क्षेत्रमा यसअघि चितवनलगायतका जिल्लाका मौरीपालक किसानले मौरी चरनका लागि मौरी ल्याउँदै आएको स्थानीयलाई चरनका लागि स्रोत अपुग भएको भन्दै स्थानीयले बाहिरी जिल्लाका मौरी व्यवस्थापनमा रोक लगाउँदै आएका हुन्।

चिउरी, साल, रूदिलो, तोरीलगायतको फूल लाग्ने समयमा स्थानीयले मौरी व्यवस्थापन गरी मौरी पालनबाट स्थानीयले राम्रो आम्दानी लिँदै आएको पालिका अध्यक्ष राजकुमार मल्लले बताए ।

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सर कारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र निः शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५दिनभित्र निःशूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ । सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

लोकहितको लागि सहीखबर

'उपभोक्ताहरूले बचाएको वनको . . .

अनि ढुङ्गा गिट्टी बालुवा उत्खनन् र संरक्षित क्षेत्रको सवालमा पनि केही सुधार आवश्यक देख्नुहुन्न ?

छ, यि सवालमा पनि समस्या छ । तपाईंले संरक्षित क्षेत्र, मध्यवर्ती र निकुञ्जको सवालमा बढी अवरोधहरू देखिएको प्रति लक्षियत गर्नु भएको होला । यसक्षेत्रमा कसले प्राप्त गर्ने भन्ने विवाद छ । त्यो कुरालाई संघीय सरकारले हल गर्नु जरूरी छ । ढुङ्गा गिट्टी बालुवाको सवालमा नेपाल राज्यभर नै संघीय सर कारले एउटा नीति बनायो, यो केही परिमार्जनपछि केही सहज भए पनि अझै अनावश्यक अवरोधहरू छन्, यो चाँही अध्ययन नगरेरै अघि बढ्दाको परिणाम हो ।

पाहाडी भुभागमा नदिको ५ सय मिटर दाँयाबाँया जाँदा माटो मात्रै पाइन्छ, तराइको क्षेत्रमा ५ सय मिटर दायाँबायाँमा पनि ढुङ्गा गिट्टी बालुवा निकाल्न सकिन्छ । त्यो सवाल तराइ र पहाडमा एकै हुँदा समस्या भएको छ, सच्याउनु जरूरी छ ।

अर्को समस्या के छ भने नदिजन्य उत्खनन् वर्षाको समयमा निकाल्नु हुदैन, निकालेको सामग्रीहरू यत्तिकै भण्डारण गर्नुपर्छ, यो दोहान हो भनिन्छ यो भाष्य पनि गलत हो ।

वर्षामा रिचार्ज भएको ढुङ्गा गिट्टी बालुवा ननिकाल्दा त बगेर बंगालको खाडीमा गइरहेको छ, कसरी हामीले सदुपयोग गर्न पायौ ? के प्राप्त हुन्छ ? स्टोर गरेर राख्ने र बेच्ने गर्दा पो सर कारलाई राज्यलाई आम्दानी हुन्छ त ।

संघीयतापछि प्रदेशको अधिकारको सवालमा गुनासो मात्रै सुनिन्छ खास किन हो ?

खास समस्या हाम्रो मनस्थितीमा छ । हामी संघीयतामा गयौ, तर अहिले पनि हामी एकीकृत मनस्थितीमै छौ । हामी आफूसँग अधिकार आको गतिलो मान्ने, तर आफू भन्दा तल प्रक्षपण नै नगर्ने । संघीय सरकारले प्रदेशलाई दिन नचाहने, प्रदेशमा आएको अधिकार प्रदेशले स्थानीयलाई दिन नचाहने, स्थानीयलाई प्राप्त अधिकारी वडाहरूमा नदिने र वडाहरूले स्थानीय उपभोक्ता समितीहरूलाई नदिने संकुचित, एकीकृत मानसिकता अझै हाबि छ । भन्नलाई भनेर मात्रै संघीयता आउँदैन नी, अधिकार प्रत्यायोजन नगर्ने कसरी भयो संघीयता । आर्थिक संघीयता अझै भएको छैन । प्रशासनिक संघीयता मात्रै भएर हुदैनन् ।

संघीय सरकारले प्रदेश र स्थानीय तहहरूलाई यो गर त्यो गर भनेर लाद्ने हैन । स्वायत्त भएका काममा अघि बढ्न दिनु पर्छ नि त्यो छैन । अहिलेको जेन जी सरकारले गरेको निर्णय हेर्नुस् न । संघीय सरकारले प्रदेश र स्थानीय सरकारलाई तेरो बजेट यति कटौती गरिदिएँ भनेर आफूखुसी गर्न पाउँदैन नि किन गरीरहेको छ यस्तो ? संघीय सरकारलाई म नै सबैभन्दा सर्वेसर्वा हुँ भन्ने घमण्ड पालेर बसेका छन् समस्या यही हो । यसैले प्रदेशहरू सशक्त हुन नसकेका हुन् ।

निराकरणको लागि के गर्ने त अब ?

म मन्त्रालयको नेतृत्वमा आएपछि हामीले वन र वातावारणको सवालमा ऐन संशोधन गर्नको लागि समूह बनाएका छौ ।

यसको लागि तयारी सकिएपछि यसलाई अन्तिम रूप दिनु अघि बागमती प्रदेशको वन वातावरण मन्त्रालयको नेतृत्वमा सातै वटा प्रदेशको वन मन्त्री, वन सचिव र सरोकारवाला निकायसँग संघीय वन सचिव र शाखा प्रमुखहरूलाई राखेर थप छलफल गर्नेछौ ।

अब हुने संशोधन अधिकतम जनताको पक्षमा हुने गरी गर्ने जमर्को हाम्रो हुनेछ, जसले वनको प्रयोगकर्तालाई अधिकतम सुविधा दिने गरी ऐन बनाउने सोचमा छौ । सबैमुद्दा लागोस वन मुद्दा नलागो भन्ने भाष्य निर्माण भएको छ, किन जनता वनको सवालमा डराउने ? किन डिएफओसँग तर्सिन, जनता हाम्रा मालिक हुन्, वनका मालिक हुन् उनीहरूले नै वन बचाएका हैनन् र ?

अनि किन तर्साउने उनीहरूलाई हामी वन कार्यालय, वन मन्त्रलयबाट सम्मान सहितको सेवा दिने वातावारण बनाउँछौ । यसको लागि वन ऐन संशोधन गर्नुपर्छ हामीले त्यो कामको थालनी गरिसकेका छौं ।

बाँझै थियो खेत, स्कुलले फलायो २५ मुरी धान

○सहीखर संवाददाता

मकवानपुर । मकवानपुरको एक दुर्गम पालिकाको विद्यालयले बाँझो खेतमा धान खेती गरेर स्कुललाई आर्थिक रुपमा सबल बनाउन सफल भएको छ ।

बागमती गाउँपालिका ७, लामिटारस्थित बालज्योति आधारभूत विद्यालयले ३१ कट्ठा बाँझो जमिनमा धान खेती गरेर २५ मुरी धान उत्पादन गर्न सफल भएको छ ।

विद्यालयको व्यवस्थापन समिति, शिक्षक तथा अभिभावकको सामूहिक श्रमदानबाट विद्यालय परिसरनजिकै रहेको लामिटार फेदीको बाँझो जग्गामा धान खेती गरिएको हो ।

विद्यालयले केही वर्षदेखि प्रयोगविहीन अवस्थामा रहेको जग्गालाई उत्पादनमुखी बनाउन 'शिक्षासँगै श्रम र उत्पादन' भन्ने मूल नाराका साथ कृषि गतिविधि थालेको हो । विद्यालयले शिक्षालाई व्यवहारिक सीपसँग जोड्न सकिन्छ भन्ने सन्देश दिन यस किसिमको पहल गरेको विद्यालयका



प्रधानाध्यापक दुर्गबिहादुर थापाले बताए । 'उक्त जमिन केही स्थानीयवासीले अतिक्रमण गरेर भन्डै कब्जा गरिसकेका थिए,' उनले भने, 'अहिले विद्यालयले तारबार लगाएर जग्गाको संरक्षण गर्नुका साथै धान खेती गरेको हो ।' धान रोप्नमात्र होइन, मित्यर्याउन पनि शिक्षक, व्यवस्थापन समिति र अभिभावकहरुले श्रमदान गरेका थिए ।

विद्यार्थीमा श्रमप्रतिको सम्मान र आत्मनिर्भर सोच विकास गर्न तथा खेर गइरहेको बाँझो जमिन उत्पादनमुखी बनाउने काम गरेको विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष सिर्जना गोलेले भनिन्, 'शिक्षालाई केवल सैद्धान्तिक ज्ञानमा सीमित नराखी व्यवहारिक शिक्षासँग जोड्ने लक्ष्य लिएका छौं ।'

उत्पादित धान बिक्री गरेर विद्यालयको कोषमा जम्मा गर्ने र विद्यार्थीहरुलाई अर्गानिक खाजा खुवाउने विद्यालयको योजना रहेको छ । 'उक्त जमिनमा लगाएको धान काटिसकेका छौं, अब आलु र मकै लगाउने सोचमा छौं,' प्रअ थापाले भने । तामाङ समुदायका बालबालिका मात्र अध्ययन गर्ने उक्त विद्यालयमा ९४ जना छात्रछात्रा अध्ययनरत छन् । तीन जना शिक्षक कार्यरत छन् ।

बागमतीका उद्योगमा क्षमता उपयोग घट्यो

○ सहीखबर संवाददाता

मकवानपुर । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा बागमती प्रदेशका उद्योगहरूको क्षमता उपयोग घटेको छ ।

राष्ट्र बैंकको आर्थिक गतिविधि अध्ययन प्रतिवेदनका अनुसार आर्थिक वर्ष २०८१/८२ मा बागमती प्रदेशका नमुना छनौटमा रामेछिएका उद्योगको औसत क्षमता उपयोग ३८.७ प्रतिशत छ । गत वर्ष यस्तो क्षमता उपयोग ४४.३ प्रतिशत रहेको थियो ।

राष्ट्र बैंकको नमुना छनौटमा परेका उद्योगहरुमध्ये चाउचाउ उद्योगले सबैभन्दा बढी क्षमता उपयोग गरेको छ भने लत्ता कपडामध्येको गार्मेन्ट उद्योगको क्षमता उपयोग सबैभन्दा कम रहेको प्रतिवेदनमा उल्लेख छ ।

गत आर्थिक वर्ष बागमती प्रदेशका उद्योगको उत्पादनमध्ये बियर, चुरोट, टान्सफर्मर तथा औषधिमध्येको दयाब्लेट, क्याप्सुल, ओइन्टमेन्ट, ड्राइसिरप र लिक्विडको उत्पादन बढेको छ । तर, प्रशोधित दूध, पशुदाना, चाउचाउ, हल्का पेय पदार्थ, पश्मिना, गार्मे ण्ट, रंग, इँटा, बिजुलीको उत्पादन घटेको छ । प्रदेशमा ६ हजार ७८ जना स्वदेशी र १ सय ८८ जना विदेशी गरी कुल ६ हजार २ सय ६६ जनालाई रोजगारी प्रदान गरेको प्रतिवेदनमा उल्लेख छ ।

बागमती प्रदेशमा सञ्चालित अधिकांश उद्योगहरु काठमाडौं उपत्यका, चितवन र मकवानपुरमा अवस्थित छन् । आर्थिक वर्ष २०८१/८२ मा कुल ५४३ उद्योगहरु दर्ता भएका छन् । स्थापना गरिएका यस्ता उद्योगहरुको सञ्चालनले बागमती प्रदेशको आर्थिक विकासमा थप टेवा पुग्ने देखिने प्रतिवेदनमा उल्लेख छ ।

चण्डेश्वरीका विद्यार्थीहरु एक्कसी बिरामी

रामेछाप/उमाकुण्ड गाउँपालिका४ स्थित चण्डेश्वरी माध्यमिक विद्यालयका विद्यार्थी धमाधम बिरामी पर्न थालेका छन्। मंगलबारसम्म विद्यालयमा अध्ययनरत ३ सय ६९ जना विद्यार्थीमध्ये १ सय ८५ जना बिरामी परेका हुन्।

विद्यार्थीमा ज्वरो आउने, खोकी लाग्ने, टाउको दुख्ने, जोर्नी दुख्ने, बान्ता हुने लगायत लक्षण देखिने क्रम तीव्र बन्दै गएको विद्यालयका प्रधानाध्यापक रूद्रकुमार जेरपुचाले बताए । 'केही दिनअघिदेखि नै गाउँमा यस्तो समस्या देखिन थालेको हो,' उनले भने, 'अहिले यही समस्या विद्यार्थीमा देखिएको छ।'

सङ्क्रमित विद्यार्थीबाट अरु विद्यार्थीमा सर्ने भएकाले बिरामी विद्यार्थीलाई घरमै आइसोलेसनमा बस्न आग्रह गरेको पनि उनले बताए । पालिकाको स्वास्थ्य शाखासँग सल्लाह लिएर आइसोलेसनमा बस्न सुझाव दिइएको उनले सुनाए । उमाकुण्ड गाउँपालिका स्वास्थ्य शाखा प्रमुख अभिजित सुनुवारका अनुसार गाउँपालिकामित्र भाइरल फ्लु र सर्ने खालको ब्याक्टेरिया सङ्क्रमण देखिएको छ। उनका अनुसार कार्तिक १६ गतेदेखि भाइरल फ्लु र सर्ने खालको ब्याक्टेरिया सङ्क्रमण देखिन थालेको हो ।

कार्तिक १६ देखि २५ गतेसम्मको अवधिमा बिरामी परेका वडा नं. १ मा ६ जना, वडा नं २ मा ३५ जना, वडा नं ३ मा १८ जना र वडा नं ४ मा ९४ जना अहिले स्वास्थ्य संस्थाहरुमा उपचार गराइरहेका स्वास्थ्य शाखा प्रमुख सुनुवारले बताए ।

त्यसै गरि वडा नं. ५ मा १६ जना, वडा नं. ६ मा १०९ जना र वडा नं. ७ मा ७ जना भाइरल फ्लुका बिरामीको उपचार भइरहेको छ । सबै वडाको स्वास्थ्य संस्थामा गरी अहिले १ सय ३९ जना महिला र १ सय ४४ जना पुरूष गरी २ सय ८३ जना भाइरल फ्लुका बिरामीको उपचार भइरहेको उनले बताए ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र
आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

१९ वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न
❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं
❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड